# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना १

जनसंख्या तथा वातावरण मन्त्रालयका सचिव श्री सूर्यनाथ उपाध्याय केन्याको राजधानी नैरोबीमा हुने यू. एन. ई. पी. को गभर्निङ्ग काउन्सीलको १९ सौं सम्मेलनमा भाग लिने प्रतिनिधि मण्डलका साथ त्यसतर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री लोकेन्द्रमान प्रधानलाई मिति २०५३।१०।२० देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना २

वाणिज्य मन्त्रालयका सचिव श्री मोहनदेव पन्त ESCAP को कार्यक्रम बमोजिम जापानमा हुने Ninth Meeting of the Steering Group of the Committee for Regional Economic Cooperation को बैठकमा भाग लिन त्यसतर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री राजाभाइ शाक्यलाई मिति २०५३।१०।२० देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ३

कानून तथा न्याय मन्त्रालयका सचिव श्री सुरेशमान श्रेष्ठ सोसियल सेक्यूरिटी एड्मिनिष्ट्रेशन, बाल्टीमोर अमेरिकाको निमन्त्रणामा पेन्सन तथा मेडिकल केयर सम्बन्धी अध्ययन, अवलोकन कार्यक्रमका लागि अमेरिकातर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को-सरकारले सोही मन्त्रालयका सह–सचिव श्री विनोदकुमार देबकोटालाई मिति २०५३। १०।२७ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कर्णबहादुर चन्द
श्री ५ को सरकारको सचिव



९०३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।